16TH OF MAY

National News

<u>मुख्य समाचार</u>

- विभिन्न र ाजनीतिक दलका प्रमुख प्रचारकहरू उत्तर प्रदेशमा दोस्रो चरणको चुनावक ा लागि मतदाताहरूलाई आकर्षित गर्न व्यस्त
- बिहारमा एनडीए र महागठबन्धनका धेरै स्टार प्रचारकहरू र वरिष्ठ नेताहरूले गरे आफ्नो गठबन्धनका उम्मेदवारहरूको समर्थनमा सार्वजनिक सभा!
- सरकारले घटायो धेरैजसो मधुमेह, मुटु र कलेजो रोगको उपचारमा प्रयोग हुने औषधिको मूल्य
- राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले दिनुभयो सिक्किमेली जनतालाई राज्य स्थापना दिवसको शुभकामना अनि
- मुम्बईको घाट-कोपर दुर्घटनामा कोही पनि अब नफसेको सुनिश्चित भए पछि उद्धार कार्य बन्द गरियो! अनि
- भारतीय फुटबल खेलाडी सुनिल छेत्रीले गर्नुभयो राष्ट्रिय टोलीबाट सन्यास लिने घोषणा

आज, विभिन्न राजनीतिक दलका प्रमुख प्रचारकहरूले उत्तर प्रदेशमा दोस्रो चरणको चुनावका लागि मतदाताहरूलाई आकर्षित गर्न, आफ्नो सम्पूर्ण शक्ति लगाई रहेका छन्। प्रधानमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले भन्नुभयो "नागरिकता संशोधन ऐन मोदीको ग्यारेन्टीको उत्कृष्ट उदाहरण हो र यो स्पष्ट छ कि भाजपाले आफ्ना वाचाहरू पुरा अवश्य नै गर्छ।"

उत्तर प्रदेशको जौनपुरमा आयोजित ऱ्यालीलाई सम्बोधन गर्दै श्री मोदीले, यो लोकसभा चुनावले देशका लागि बलियो सरकार चलाउन सक्ने र भारतको शक्तिबारे विश्वलाई सचेत गराउन सक्ने नेता चुन्ने अवसर लिएर आएको बताउनुभयो । उहाँले पहिले विकास ठूला सहरमा मात्र सिमित हुने अनि अहिले, अयोध्या, काशी जस्ता धार्मिकस्थलमा पनि विकास भै रहेको बताउनु भयो । यसअघि लालगञ्ज क्षेत्रमा भएको ऱ्यालीमा श्री मोदीले समाजवादी पार्टी र कांग्रेस एउटै सिक्काका दुई पाटा भएको र नातावाद र भ्रष्टाचारमा लिप्त रहेको गम्भीर आरोप लगाउनु भयो। कांग्रेसको आलोचना गर्दै उहाले पार्टीका पूर्वअध्यक्षले राम मन्दिरलाई लिएर नकारात्मक टिप्पणी गरिरहने बताउनु भयो। ।जम्मु कश्मीरबाट भोट बैंकको राजनीतिको अन्त्य हुन लागेको भन्दै प्रतापगढ जिल्लाको एक ऱ्यालीमा, श्री मोदीले राज्यमा समाजवादी पार्टी र तृणमूल कांग्रेसको गठबन्धनको कडा आलोचना गर्नुभयो । अर्कोतर्फ, कांग्रेस महासचिव श्रीमती प्रियंका गान्धी वाड्राले रायबरेलीमा प्रचार गर्नुभयो । उहाँले भाजपाको आलोचना गर्दै ,यो

पार्टीले अराजकतालाई बढावा दिएको आरोप लगाउनु भयो। समाजवादी पार्टीका अध्यक्ष श्री अखिलेश यादवले पनि बन्दाको सभामा राज्य सरकार र केन्द्र सरकार भ्रष्टाचारमा डुबेको आरोप लगाउनु भयो ।

बिहारमा एनडीए र महागठबन्धनका धेरै स्टार प्रचारकहरू र वरिष्ठ नेताहरूले गरे आफ्नो गठबन्धनका उम्मेदवारहरूको समर्थनमा सार्वजनिक सभा!

बिहारमा, राष्ट्रिय लोकतान्त्रिक गठबन्धन-एनडीए र महागठबन्धनका धेरै स्टार प्रचारकहरू र वरिष्ठ नेताहरूले आफ्नो गठबन्धनका उम्मेदवारहरूको समर्थनमा आज सार्वजनिक सभाहरू आयोजना गरेका थिए। भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय मन्त्री श्री अमित शाहले सीतामढी र मधुबनीमा चुनावी सभा गर्नुभयो। श्री शाहले भन्नुभयो "प्रधानमन्त्री श्री नरेन्द्र मोदीले जम्मू कश्मीरबाट धारा 370 हटाएर एक राष्ट्र, एक संविधानको वास्तविक भावना लागू गर्नुभएको छ राष्ट्रिय जनता दल, कांग्रेस, विकासशील इन्सान पार्टी र वामपन्थी दलका नेताहरुले विभिन्न संसदीय क्षेत्रमा चुनावी सभा गरेका छन् । राष्ट्रिय जनता दलका नेता श्री तेजस्वी प्रसाद यादवले चुनावी प्रचारका क्रममा बेरोजगारी अनि अन्य मुद्दामा बीजेपीमाथि गम्भीर लारोप पनि लगाउनु भएको छ।राष्ट्रिय जनता दलका उम्मेदवारको समर्थनमा मधुबनीमा आयोजित जनसभालाई सम्बोधन गर्दै श्री यादवले लामो समयदेखि केन्द्र र राज्य दुवैमा एनडीएले शासन गरेको तर आप्रवासनको समस्या समाधान गर्न असफल भएको बताउनु भयो। उहाले भाजपा र जनता दल संयुक्त बिहारको वास्तविक समस्याबाट विमुख भएको बताउनु भयो।

<u>राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री श्री नरेन्द्र मोदीले दिनुभयो सिक्किमेली जनतालाई राज्य स्थापना दिवसको शुभकामना</u>

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले सिक्किमका जनतालाई सिक्किम राज्य स्थापना दिवसको शुभकामना व्यक्त गर्नुभएको छ। सिक्किमलाई प्राकृतिक सौन्दर्यले वरदान दिएको जो यहाँका हिम चुचुराहरू, घना जंगल र झरनाहरूमा देखिने उहाँले एउटा सामाजिक सञ्जाल पोस्टमा साझा गर्नुभएको छ। राष्ट्रपतिले सिक्किमका जनताले आफ्नो जीवनशैली र कडा परिश्रमबाट देशको विकासमा महत्वपूर्ण योगदान दिएको बताउनुभयो। राष्ट्रपति श्रीमती मुर्मुले राज्य र जनताको निरन्तर समृद्धिको कामना पनि गर्नुभएको छ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पनि सिक्किमका जनतालाई राज्य स्थापना दिवसको शुभकामना दिनुभएको छ। श्री मोदीले सिक्किम आफ्नो प्राकृतिक सौन्दर्य र मेहनती मानिसहरूका लागि परिचित रहेको एउटा सामाजिक सञ्जाल पोस्ट मार्फत बताउनुभयो। उहाँले विगतका वर्षहरूमा जैविक कृषिको दिशामा

सिक्किमले आफ्नो छुट्टै पहिचान बनाएको पनि बताउनुभयो। श्री मोदीले सरकारले सिक्किमको कल्याणका लागि आगामी समयमा काम गरिरहने बताउनुभयो।

<u>सरकारले घटायो धेरैजसो मधुमेह, मुटु र कलेजो रोगको उपचारमा प्रयोग हुने औषधिको मूल्य</u>

सरकारले धेरैजसो प्रयोग हुने 41 वटा औषधिको मूल्य घटाएको छ । यसमा मधुमेह, मुटु र कलेजो रोगको उपचारमा प्रयोग हुने औषधिहरू समावेश छन्। राष्ट्रिय औषधि मूल्य निर्धारण प्राधिकरणको बैठकले यस्तो निर्णय गरेको हो भने अत्यावश्यक औषधि उपलब्ध गराउन यो निर्णय गरिएको हो । विभिन्न औषधिको न्यून मूल्यको जानकारी तत्काल प्रभावबाट डिलर र होलसेल वितरकलाई दिन फार्मा कम्पनीलाई निर्देशन दिइएको छ ।

मुम्बईको घाटोपर दुर्घटनामा कोही पनि अब नफसेको सुनिश्चित भए पछि उद्धार कार्य बन्द गरियो!

गत सोमबारको हावाहुरीपछि मुम्बईको घाट कोपर क्षेत्रमा उद्धार र खोजी कार्य स्थगित गरीएको छ। राष्ट्रीय आपदा प्रबंधन बलले यसको खोजी कार्य गरि रहेको थियो। ठूलो होर्डिङ ध्वास्त भए पछि दुर्घटनामा 16 जनाको मृत्यु भएको छ भने पच्यातर जना घाइते भएका छन्। सबै शव फेला पारे पछि आज बिहान उद्धार तथा खोजी कार्य स्थगित गरिएको छ । मुम्बई सिभिल कमिश्नर श्री भूषण गंगरानीले घटनास्थलमा कोही पनि अब नफसेको सुनिश्चित भए पछि उद्धार कार्य बन्द गरिएको बताउनु भएको छ। घटनास्थलबाट भग्नावशेष हटाउने काम भइरहेको छ ,अनि सबै गैरकानुनी होर्डिङ हटाउने काम पनि तीव्र गतिमा भइरहेको उहाँले थप बताउनु भयो। कुनै पनि होर्डिङ राख्नुअघि त्यसको बलियो जग र स्थायित्व जाँच गर्नुपर्ने पनि श्री गंगरानीले बताउनु भयो।

भारतीय फुटबल खेलाडी सुनिल छेत्रीले गर्नुभयो राष्ट्रिय टोलीबाट सन्यास लिने घोषणा

भारतीय फुटबलका दिग्गज श्री सुनिल क्षेत्रीले राष्ट्रिय टोलीबाट आफ्नो उत्कृष्ट करियरपछि सन्यास लिने घोषणा गर्नुभएको छ । सामाजिक सञ्जालको एक पोष्टमा श्री छेत्रीले यस वर्षको 6 जुनमा कोलकाताको साल्टलेक स्टेडियममा कुवेतसँगको खेल आफ्नो राष्ट्रिय टोलीका लागि अन्तिम खेल हुने बताउनु भयो।

श्री सुनिल क्षेत्री भारतीय राष्ट्रिय फुटबल टोलीका वर्तमान कप्तान हुनुन्छ ,उहाँले 12 जुन 2005 मा पाकिस्तान विरुद्ध आफ्नो पहिलो खेल खेल्नु भएको थियो भने आफ्नो खेल जीवनमा उहाँले 150 अन्तर्राष्ट्रिय खेलमा चौरानब्बै गोल गर्ने कीर्तिमान बनाउनु भएको छ।